म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २१९ मंगलबार ६ चैत २०८० ने. सं. ११४४ चिल्लाथ्व 19 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## मनहरीको वनमा शव फेला

हेटौंडा, ५ चैत/मकवानपुरको पश्चिमी क्षेत्रस्थित मनहरीको सामुदायिक वनमा एकजना पुरुषको शव फेला परेको छ । शव मनहरी गाउँपालिका वडा नम्वर-९ रजैयास्थित चौधमाईल कालिका सामुदायिक बनको क्षेत्रमा फेला परेको हो ।

सोमबार दिउँसो पहिचान खुल्न नसकेको अन्दाजी ४१ वर्षीय पुरुषको शव वनमा फेला परेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । शव पोष्टमार्टमको लागि हेटौंडा अस्पतालमा ल्याइएको र घटनाको बारेमा आवश्यक अनुसन्धान भइरहेको मकवानपुर प्रहरीप्रवक्ता प्रहरीनायबउपरीक्षक लक्ष्मी भण्डारीले बताए ।

## सौन्दर्य शिक्षा पढाउँदै हेटौंडा उपमहानगर

साझाकुरा संवाददाता



हेटौंडा, ५ चैत/ शिक्षालाई प्रयोगात्मक बनाउँनका लागि हेटौंडा उपमहानगरले सौन्दर्य शिक्षा अध्यापन गराउँने भएको छ । सौन्दर्यको क्षेत्रका काम गरिरहेका र अभ्यस्त सौन्दर्य ब्यवसायीसँगको सहकार्यमा उपमहानगरले हेटौंडामै सौन्दर्य शिक्षा अध्यापन गराउँने भएको हो ।

उपमहानगरले सामुदायिक विद्यालयमा कक्षा ९/१० मा अध्यापन हुने ऐक्षिक विषयमा सौन्दर्य शिक्षा संचालन गर्ने बिषयमा गृहकार्य गरिरहेको बताइएको छ । पाठ्यक्रम विकास केन्द्रले बिगतमा पूर्वब्यावसायिक शिक्षा पनि अध्यापन गराएको थियो । तर, विद्यालयमा पूर्वाधार नभएकै कारण पुस्तकमात्र पढाउँदा बिगतका वर्षमा पूर्वब्यावसायिक शिक्षा प्रभावकारी बन्न सकेको थिएन । कक्षा ९ र १० मा अध्यापन गराइने प्राबिधिक विषय पनि विद्यालयमा पूर्वाधारको अभावका कारण समस्यामा परिरहेको अवस्था छ ।

सोमबार हेटौंडामा आयोजित सौन्दर्यकर्मी संगठन नेपालको संयुक्त प्रथम जिल्ला तथा नगर अधिवेसनमा उपमहानगरप्रमुख मीनाकुमारी लामाले शिक्षालाई व्यवहारिक बनाउँनका लागि पाठ्यक्रममा समाबेश गरेर अध्यापनको तयारी भएको बताएकी हुन् । उनले भनिन्-'हामीले सौन्दर्य शिक्षालाई पहिलो वर्षका लागि सिद्धार्थ माविबाट सुरु गर्ने छौं' अध्यापनका लागि सबै तयारी पूरा भइसकेको भन्दै अध्यापनसँगै रोजगारीको अवसर श्रृजना गराउनका लागि उपमहानगरले सौन्दर्य शिक्षालाई पहिलोपटक सुरु गर्न लागेको र त्यसको तयारी भइरहेको बताइन् ।

पहिलो वर्ष परीक्षणका रुपमा सिद्धार्थ माविबाट सुरु गर्ने तयारी उपमहानगरले गरेको नगर प्रमुख लामाको भनाई छ । सिद्धार्थ माविमा सौन्दर्य शिक्षा अध्यापन सफल भएको खण्डमा नगरका सामुदायिक माविहरुमा पनि लागू गर्ने तयारी गरिएको बताइएको छ । सिद्धार्थमा परीक्षणको रुपमा अध्यापन गराउने र त्यसलाई बिस्तार गर्दै नगरका सामुदायिक विद्यालयमा लैजाने लक्ष्य रहेको उनले बताइन् ।

'हामीले आउँदो शैक्षिकसत्र २०८१ बाट सौन्दर्य शिक्षालाई अघि बढाउँने तयारी गरेका छौं, कक्षा ९ बाटै सौन्दर्य शिक्षालाई अघि बढाउँदै लगिनेछ' उनले भनिन् । विद्यालय व्यवस्थापन समितिलाई शिक्षाका लागि आवश्यक प्रयोगात्मक हल तयारीको जिम्मेवारी दिइसकेको नगर प्रमुख लामाले बताइन् । सरकारले कक्षा ९ देखि १२ सम्म सौन्दर्य शिक्षालाई पाठ्यक्रममा समाबेश गरेर अध्यापन गराउने तयारी गरेअनुसार उपमहानगरले कार्यान्वयन गर्न थालेको बताइएको छ ।

आर्थिकरुपमा महिला सक्षम नहुँदा बिभिन्न समस्यामा पर्ने भएकाले उपमहानगरले रोजगारी श्रृजना गर्ने उद्देश्य अनुरुप सौन्दर्य शिक्षालाई अघि बढाएको नगरप्रमुख लामाले बताइन् । कार्यक्रममा नगर प्रमुख लामाले जिल्ला तथा नगरमा व्यावसायिकरुपमा काम गर्दै आएका सौन्दर्यकर्मीले गरेको कामबाट मान्छेमा सकारात्मक उर्जा थप्ने बताइन् । बिभिन्न खालका समस्या व्यहोर्दै हिडेका ग्राहक आउँदा उनीहरुलाई पनि सकारात्मक सन्देश दिने भूमिका सौन्दर्यकर्मीसँग रहने उनले बताइन् ।

उनले महिलालाई आर्थिक रुपमा सक्षम बनाउनका लागि उपमहानगरले काम गरिरहेको बताइन् । उपहानगरको सहयोगमा तालिम लिएका नगरका बिभिन्न वडाका ५१ जना महिलाले अहिले ढाकाको कपडा बनाएर आर्यआर्जन गरिरहेको नगरप्रमुख लामाले बताइन् । ढाका कपडामा लागेका महिलाले राम्रो काम गरेको भन्दै दिगो आर्यआर्जनको पाटोमा लाग्न चाहनेले योजना बनाएर नगर पालिकामा आउँन आग्रह गरिन् । आर्थिकरुपमा सबल हुन नसक्दा महिला निकै समस्यामा परेको भन्दै उनले उत्पादनसँग जोडिन सबैलाई आग्रह गरिन् ।

सौन्दर्यकर्मी संगठन मकवानपुरका अध्यक्ष जुनु लामाको अध्यक्षतामा भएको कार्यक्रममा एकीकृत ट्रेड युनियन महासंघका केन्द्रीय अध्यक्ष बिष्णु लम्साल, अनेमसंघ मकवानपुरका अध्यक्ष गायत्री सुवेदी, सौन्दर्यकर्मी संगठन नेपालका केन्द्रीय अध्यक्ष अस्मिता श्रेष्ठ, प्रदेश अध्यक्ष सुष्मा तामाङ, युवा संघ नेपाल मकवानपुरका अध्यक्ष किरणमान बल, युवा संघ रौतहटका अध्यक्ष बालकृष्ण श्रेष्ठ, सौन्दर्यकर्मी संगठन बागमती प्रदेशका सहसचिव सपना श्रेष्ठ लामिछाने, संगठनका नगर अध्यक्ष रिना घिसिङलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

### सौन्दर्यकर्मी जिल्लामा जुनु, नगरमा कमला

सौन्दर्यकर्मी संगठन नेपाल मकवानपुरको संयुक्त प्रथम जिल्ला तथा नगर अधिवेसनले नयाँ नेतृत्व चयन गरेको छ । हेटौंडामा भएको अधिवेशनले संगठनको जिल्ला अध्यक्षमा जुनु लामा र नगर अध्यक्षमा कमला पौडेललाई चयन गरेको हो ।

अधिबेसनले जिल्लाको प्रथम उपाध्यक्षमा रितिका दाहाल, उपाध्यक्षमा मन्जु बिष्ट, सचिवमा साधना श्रेष्ठ, कोषाध्यक्षमा सम्झना मानन्धर, सहसचिवमा सन्दिपा पौडेललाई चयन गरेको छ । लामाको अध्यक्षतामा गठित १३ सदस्य जिल्ला कमिटीले ३ सदस्य पछि मनोनित गर्नेछ । त्यस्तै संगठनको हेटौंडा उपमहानगर कमिटीको उपाध्यक्षमा निशा श्रेष्ठ, सचिवमा जशु अधिकारी, कोषाध्यक्षमा उर्मिला लो, सहचिवमा रुपा श्रेष्ठलाई चयन गरेको छ । पौडेलको अध्यक्षतामा गठित नगर कमिटी १३ सदस्य रहेको छ ।

## महिला उद्यमी प्रदर्शनीमा कृषिसम्बन्धी अन्तरक्रिया




साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ हेटौंडामा जारी पहिलो प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनी २०८० को चौथो दिन सोमबार कृषिसम्बन्धी सरोकारवालाबीच अन्तरक्रिया भएको छ ।

मकवानपुर उद्योग वाणिज्य संघ अन्तर्गतको महिला उद्यमी विकास समितिका सभापति अंकिता सुमार्गीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुखवक्ताको रुपमा बागमती प्रदेशको कृषि विकास निर्देशनालयका अधिकृत राजन चौलागाई र मकवानपुरगढी गाउँपालिकाका कृषि शाखाप्रमुख चन्द्रकान्त चौधरीबीच अन्तरक्रिया गरिएको हो ।

प्रदेश स्तरीय महिला उद्यमी प्रदर्शनी २०८० का कृषि समितिका संयोजक निलम पाण्डेले संयोजन गरेको कार्यक्रममा मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष कृष्णकुमार गुप्ता, पूर्वअध्यक्षहरु उत्तमशर्मा ढकाल, अरुणराज सुमार्गी, संघका वरिष्ठ उपाध्यक्ष अनिल अग्रवाल, उपाध्यक्ष प्रमोदसिंह रानाभाट, कोषाध्यक्ष सन्तोषकुमार अर्याललगायतको आतिथ्यता थियो ।

कार्यक्रममा कृषि विकास निर्देशनालयका अधिकृत तथा सूचना अधिकारी चौलागाईले राज्यको आर्थिक श्रोत बलियो नभएकाले छिमेकी देशले कृषकलाई ठूलो अनुदान दिइरहँदा नेपालमा कृषकलाई पर्याप्त सुविधा दिन नसकेको बताएका छन् । उनले किसानका लागि १० देखि १५ लाख लागत पर्ने कोल्ड चेम्बर निर्माण गरिरहेको बताउँदै न्यूनतम समर्थन मूल्य तोक्न पनि राज्यको अर्थतन्त्र बलियो नभएकोले व्यवहारिक नभएको बताए । त्यसको सट्टामा कृषिउपजका व्यवसायीसँग अग्रिम सम्झौता गरी कृषकले उत्पादन गर्नुपर्ने उनको भनाइ थियो ।

त्यस्तै, मकवानपुरगढी गाउँपालिकाका कृषि शाखाप्रमुख चौधरीले स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार पालिकाले कृषि कार्यक्रमको कार्यविधि निर्माण गर्ने, नियमन र अनुगमन गर्ने व्यवस्था बारे बताए । उनले नेपालमा उद्योग, कृषि र आवासको लागि भूउपयोग नीति नभएको, कृषिमा उन्नत प्रविधिको विकास नभएको र भएको हकमा पनि सहज पहुँच नरहेको, कृषिउत्पादनमा लागत नउठ्ने समस्या रहेको, कृषि क्षेत्रका जनशक्ति पलायन भइरहेको, वैदेशिक कृषि उपजउत्पादनका लागि किसानलाई धेरै अनुदान दिइएको, अनुदान नगण्य रहेका नेपाली उत्पादनले प्रतिष्पर्धा गर्न नसकेको बताए ।

उनले जलवायु परिवर्तनले उत्पादनमा ह्रास आएको, कृषि उत्पादनको माग र आपूर्ति असन्तुलित रहेको, कृषि उपजको आयात बढिरहेको, न्यूनतम समर्थन मूल्य तोकिनुपर्ने, आधुनिक प्रविधिको कारण कृषिको जैविकविविधतामा ह्रास हुँदै गएको, केन्द्र, प्रदेश र स्थानीय तहले कृषिसम्बन्धी धेरै काम गरेको भएपनि पूर्णरुपमा प्रभावकारी हुन नसकेको बताएका थिए ।

कृषि उद्यमी फेन्चु लामा, नेपाल फलफूल तथा तरकारी व्यवसायी संघका अध्यक्ष कृष्ण हुमागाई, कैलाश गाउँपालिकाका पूर्वअध्यक्ष तथा व्यवसायिक बाख्रापालक संघका प्रदेश अध्यक्ष टंक मोक्तान र संघका पूर्वअध्यक्ष अरुणराज सुमार्गीले कार्यक्रममा मन्तव्य राखेका थिए । प्रदेशस्तरीय महिला उद्यमी प्रदर्शनी आज ६ चैत मंगलबारसम्म सञ्चालन हुनेछ ।

## कार्यसम्पादन मूल्यांकनमा हेटौंडा र थाहा अगाडि





साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/स्थानीय तहले कार्यसम्पादन मूल्यांकनको आधारमा प्राप्त गरेको अंक राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सार्वजनिक गरेको छ ।

आयोगले स्थानीय तह सहित प्रदेश सरकारले प्राप्त गरेको अन्तिम नतिजा २९ फागुनमा सार्वजनिक गरेको हो । कार्यसम्पादन मूल्यांकनको प्रारम्भिक अंक ८ फागुनमा प्रकाशित गरी ७ दिनको समय दिई पुनरावलोकन गर्न सूचना प्रकाशन गरेको थियो । यो अवधिमा प्राप्त निवेदनका आधारमा आयोगले अन्तिम नतिजा प्रकाशन गरेको हो ।

सार्वजनिक अंक अनुसार मकवानपुरमा हेटौंडा उपमहानगर पालिकाले ६१.११ अंक प्राप्त गर्दै पहिलो स्थानमा छ । ६०.६६ अंकसहित थाहा नगरपालिका दोस्रो स्थानमा रहेको छ । थाहालाई हेटौंडाले जम्मा ०.४५ अंकले उछिनेको छ । मकवानपुरका १० स्थानीय तहमध्ये कार्यसम्पादन मूल्यांकनको कुल १०० पूर्णाङ्कमा ६० अंक कटाउने यि दुई पालिका मात्र हुन् ।

त्यसैगरी मकवानपुरगढी गाउँपालिकाले ५५.९७ अंक पाएको छ । भीमफेदी गाउँपालिकाले ५५.९१, कैलाश गाउँपालिकाले ५६.५२, मनहरीले ५३.८४, इन्द्रसरोवरले ४९.५२, बकैयाले ४८.८४, राक्सिराङले ४८.२४ र बागमती गाउँपालिकाले ४०.२२ अंक प्राप्त गरेको छ । कार्यसम्पादन मूल्याङकनको सूचकका आधारमा स्थानीय तहमा वित्तीय समानीकरण अनुदानको बजेट निर्धारण हुने गर्दछ ।

प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्यांकन कार्यविधि, २०७८ को दफा ७ को अधिनमा रही प्रदेश र स्थानीय तहका लागि निर्धारण गरिएको कार्यसम्पादन सूचकको मूल्यांकन गरी अंक प्रदान गरिएको आयोगले जनाएको छ ।

## सुनचाँदी व्यावसायी महासंघ बागमतीमा पुन: बज्राचार्य

साझाकुरा संवाददाता




हेटौंडा, ५ चैत/नेपाल सुनचाँदी व्यावसायी महासंघ बामगती प्रदेशको सभापतिमा पुन: ज्योतिरत्न बज्राचार्य चयन भएका छन् ।

सोमबार हेटौंडामा भएको महासंघको तेश्रो वार्षिक साधारण सभा तथा दोस्रो अधिवेशनले बज्राचार्यको नेतृत्वमा नयाँ कार्य समिति चयन गरेको हो । उपसभापतिमा रत्न सुन्दर शाक्य, र यम प्रसाद विश्वकर्मा लोहनी रहेका छन् । यस्तै, सचिवमा सुसन शाक्य, सह-सचिवमा प्रदिप रत्न शाक्य, कोषाध्यक्षमा रमेश बहादुर शाक्य, सह-कोषाध्यक्षमा उमेश रत्न शाक्य चयन भए ।

जिल्ला तथा नगर सदस्यमा टेकबहादुर विश्वकर्मा, मोतिमान शाक्य, तारा राम मुनकर्मी, वस्तुगत सदस्यमा भिम प्रसाद पाण्डे रहेका छन् ।

नयाँ कार्यसमितिको कार्यकाल ३ वर्षको हुनेछ । सोमबार साधारण सभाको अवसरमा आयोजित कार्यक्रममा नवनिर्वाचित कार्य समितिलाई निर्वाचन अधिकृत अमृत लामाले सपथ ग्रहण गराए । सधारण सभा प्रदेश सभापति जोतिरत्न बज्राचार्यको सभा अध्यक्षा तथा नेपाल सुनचाँदी व्यावसायी महासंघका अध्यक्ष माणिक रत्न शाक्यको प्रमुआतित्यथा रहेको थियो । कार्यक्रममा नेपाल सुनचाँदी व्यावसायी महासंघका संस्थापक तेजरत्न शाक्य, महासंघका सदस्य मणिरत्न शाक्य लगाएत महासंघका सदस्य, व्यावसायीहरुको उपस्थिति रहेको थियो ।

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।



हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

सम्पर्क कार्यालय: सितलमहल चोकबाट ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-५, पिप्ले, मकवानपुर
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# सहाराले बनायो बेसहारा

हेटौंडा उपमहानगरपालिका-२, मानसचोकमा रहेको सहारा किस्ताबन्दी कार्यक्रमका संचालकले सयौं परिबारलाई बेसहारा बनाएको छ । यसले २०५८ सालदेखि नागरिकलाई सहारा दिने सपना देखाएर सेवा सुरु गरेको थियो । तर, २०८० सालमा आएर सहाराले करिब ६ सय जना बचतकर्तालाई बेसहारा नै बनाएको आरोप लागेको छ । सहाराले नाम अनुसारको काम नगरेपछि ६ सय बचतकर्ता न्यायको ढोका ढक्ढक्याउन बाध्य छन् । हेटौंडा उपमहानगरपालिकाको प्रारम्भिक सोधपुछका आधारमा करोडौं बचत रकम हिनामिना गरेर संस्थाका सञ्चालक दम्पती फरार भएका छन् । सहाराको सञ्चालक सरोज थापा र बिना पौडेल दम्पतीको अत्तोपत्तो नभएपछि यहाँका ५ जना कर्मचारी सहित सयौं बचतकर्ता तनावमा छन् । सञ्चालक दम्पती गत आइतबारदेखि बेपत्ता भएको पीडित बचतकर्ताले बताएका छन् । कार्यालय बन्द भएपछि सञ्चालक फरार भएको आशंकामा बचतकर्ताको आइतबार संस्थाको कार्यालय बाहिर भिड लागेको थियो ।

सहारा किस्ताबन्दी कार्यक्रम संस्थामा नगरक्षेत्रका स्थानीयले ५० हजार रुपैयाँदेखि २० लाख रुपैयाँसम्म बचत गरेको खुलेको छ । बचतकर्ताले दिएको जानकारीअनुसार २ करोड भन्दा माथि रकम हिनामिना भएको हेटौंडा उपमहानगरले बताएको छ । संस्थाको व्यवसाय दर्ता उपमहानगर पालिकामा छैन । जिल्ला प्रशासन कार्यालयमा पनि दर्ता भेटिएको छैन । यहाँ ३/४ लाख रुपैयाँको लगानीमा सानो मसला पिस्ने मिल राख्छु भन्नेले कयौं हण्डर खाएका छन् । एउटा कोठामा सानो मिल राखेर मसला पिस्ने काम गर्न खोज्दा दर्ता गर्न कठिन छ । तर, करोडौं रकम जम्मा गर्ने र टाप कस्ने संस्था कतै दर्ता भएको फेला नपर्नु नियामक निकायको पनि कमजोरी हो । लज्जाजनक नियामक निकायको कार्यसम्पादनका कारण सयौं हजारौं नागरिकले दुख पाएका छन् । ठेलामा तरकारी राखेर घरघरमा बिक्री गर्ने ब्यवसायीलाई लछारपछार पार्ने नियामक निकायका कर्मचारीले करोडौं असुल्ने संस्था दर्ता भएको छ/छैन भन्ने अनगमन गर्न किन नसकेको ? नियामक निकायको पनि मिलेमतोमा यो सबै भइरहेको छ कि भन्ने आशंका किन नगर्ने ? सुरुवातमा गैरसरकारी संस्थाको रुपमा काम गरेको सहारा किस्ताबन्दी कार्यक्रमले पछिल्ला वर्ष बचतकर्ताको रकम संकलन गर्ने र घरायसी सामान किस्ताबन्दीमा उपलब्ध गराउँदै आएको थियो । बचत संकलक कर्मचारीका अनुसार करिब ६ सय जनाले नियमित बचत गर्दै आएका थिए । सञ्चालक थापाले हरेक सामानको ३० प्रतिशत अग्रिम भुक्तानी लिएर ७० प्रतिशत रकम किस्ताबन्दीमा घरायसी सामान उपलब्ध गराउँदै आएका थिए । किस्तामा सामान दिएवापत थापाले निश्चित मुनाफा राख्ने गरेका थिए । २०५८ सालदेखि किस्ताबन्दी कार्यक्रम चलाइरहेको संस्था दर्ता नभेटिनुले शंकाश्पद किन नमान्ने ?

आफ्नो बारीमा रोपेको साग टिपेर डोकोमा बोकेर बजारमा बिक्री गर्न ल्याउने किसानलाई कर तिराउन सक्ने तर, करोडौंको कारोबार गर्ने संस्था बिनादर्ता चल्न दिने ? यो न्यायोचित भयो त ? नियामक निकायले आफ्नो कार्यालय अगाडि चलिरहेको किस्ताबन्दी कार्यक्रमका संचालकले संस्था दर्ता गरे/नगरेको, नियमित कर तिरे/नतिरेको हेर्ने, नियमन गर्ने, त्यसका उपभोक्ताको अवस्थाका बारेमा चासो राख्न नपर्ने हो र ? नियमित कर तिर्न आउनेलाई मात्र निचोर्ने प्रबृत्तिबाट अलिक फराकिलो दायरा बनाउने कुरामा किन ध्यान नदिएको ? ३० फागुनमा जिल्ला प्रशासन कार्यालय मकवानपुरमा सञ्चालक थापादम्पती खोजी गर्दिन सहाराका बेसहारा भएका कर्मचारीले निवेदन दिएका छन् । सञ्चालक सम्पर्कविहीन भएको र कार्यालय पनि नखुलेकाले बचतकर्ताबाट अप्ठेरो परिस्थिति परेको भन्दै उनीहरुले निवेदन दिएका हुन् । प्रशासनले ३० फागुनमै जिल्ला प्रहरी कार्यालय मकवानपुरलाई सञ्चालक थापा दम्पती खोजी गरी उपस्थित गराउन पत्र लेखेको छ । बचतकर्ताले भने आइतबारसम्म सम्बन्धित निकायमा उजुरी दर्ता गराएका छैनन् ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८० चैत ७ गते बुधबार २० मार्च २०२४ । एकादशी, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४४ ने.सं. । सूर्योदय ६:१०, सूर्यास्त ६:१५ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : काममा सफलता हात पर्ने | **तुला** | : मांगलिक कार्य सम्पादन |
| **वृष** | : अपजस पाइने | **वृश्चिक** | : उपचारमा खर्च बढ्ने |
| **मिथुन** | : बौद्धिक कार्यमा वाधा | **धनु** | : मानमर्यादाको वृद्धि |
| **कर्कट** | : व्यवसायमा विवाद | **मकर** | : नवीन कार्ययोजनामा लगानी |
| **सिंह** | : मानसिक अशान्ति | **कुम्भ** | : आलोचनामा वृद्धि |
| **कन्या** | : कार्यमा ढिलाइ | **मीन** | : यात्रामा अवरोध |

# परिवर्तन हुन नसकेको सत्ता



✍ कपिल काफ्ले

**तर यो रुपान्तरण कागजी प्रावधानहरुमा मात्र सीमित हुन पुगेको छ । नेपालको संविधान, २०७२ पढ्दा शासकीय स्वरुपमै परिवर्तन आएको देखिन्छ । राजाले कृपा गरेर जारी गरिदिएको विधानमा चल्दै आएको मुलुकमा जनप्रतिनिधिले बनाएको संविधान लागू हुनु अवश्य परिवर्तन हो । तर यो परिवर्तन सारभूतरुपमा जनस्तरसम्म पुगेन । अझ केही प्रमुख क्षेत्रमा त नकारात्मक परिवर्तन भयो । राष्ट्रियता र देशभक्तिपूर्ण व्यवहारमा आएको ह्रास सर्वाधिक पीडादायी छ ।**

शासनसत्ता वा पितृसत्ता, नेपालले परिवर्तन गर्न चाहेको तर परिवर्तन नभएका सत्ताहरु हुन् । जहानिया राणाकाल ढल्यो, निर्दलीय पञ्चायती व्यवस्था पनि धराशयी बन्यो, बैसठ्ठी-त्रिसठ्ठीको आन्दोलनले सामन्ती धरोहर राजतन्त्र पनि इतिसासको गर्भमा पुऱ्यायो तर नेपालमा सत्ता परिवर्तन भएन । सरकार परिवर्तन भयो, नयाँ प्रधानमन्त्री र मन्त्रिमण्डल बन्यो तर सत्ता पुरानै रह्यो।

आज पनि राणाकालीन सत्ता हामीकहाँ कायम छ । सत्ताको बाहिरी स्वरुप बदलिएको छ, तर सार उही छ । आजका क्रान्तिकारी प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले राणा प्रधानमन्त्री चन्द्र शमशेरकै चरित्र देखाएका छन् । केपी ओली, शेरबहादुर देउवा आदिले पनि परिवार वा परिवारजस्तै बनेको राजनीतिक गुटको संरक्षण र प्रवर्द्धनका लागि आफ्नो सम्पूर्ण संघर्षको उपलब्धि समर्पित गरेका छन् ।

राजनीतिक परिवर्तनका लागि ओली, प्रचण्ड, देउवा आदि नेताको योगदान कम छैन । राणा शासनदेखि, पञ्चायती व्यवस्था र राजतन्त्र ढालेर संघीय लोकतान्त्रिक गणतन्त्रसम्म मुलुकलाई रुपान्तरण गर्न उहाँहरुको भूमिका छ ।

पछिल्लो समय सरकारको उदासीन व्यवहारकै कारण नागरिकमा जन्मभूमिको नागरिकता त्याग्ने, आफ्नो मुलुक छोडेर अर्को कुनै मुलुकको नागरिक बन्ने कार्य मामान्य हुन थालेको छ । जन्मभूमि त्याग गर्ने प्रवृत्ति आकाशिएकै कारण मुलुकमा आवश्यक जनशक्तिको अभाव हुन थालिसक्यो, खेतबारीको बाँझोपन बढ्दै छ, भ्रष्टाचार र घूसखोरीले सरकारी कार्यालय पुगेका सेवाग्राहीहरु विरक्त छन् । राजनीतिक दलहरुमा सिद्धान्त हराइसक्यो, राजनीतिक चरित्र शून्यमा बिलाइसक्यो, जनप्रतिनिधिलाई नै विश्वास गर्न नसकिने अवस्था आइसक्यो ।

हिजो चन्द्र शमशेर र ज्ञानेन्द्र शाहलाई जति विश्वास गर्न सकिन्थ्यो, आज प्रधानमन्त्री प्रचण्ड, नेताहरु ओली, शेरबहादुर आदिलाई त्यति विश्वास गर्न सकिन्न । जनताले आफ्नो वैध कामका लागि पनि नेताहरुको चाकडी ठीक त्यसै गरी गर्नुपरेको छ जसरी राणाकालमा दाम राखेर गरिन्थ्यो । दलको कार्यकर्ता नभएको र दल तथा त्यसका नेतालाई 'चन्दा' अर्थात् दाम चढाउन नसक्ने कुन व्यक्ति कमाउने पदमा पुगेको छ ? संवैधानिक प्रावधान हेर्दा विगतको राज्य संरचनाले नसेमेटेको र विभेदमा पारेको वर्ग, जाति, भाषा, लिंगको राजनीतिक अधिकार सुनिश्चित गरिएको देखिन्छ, तर अधिकार पाउन जुनसुकै नागरिकले राजनीतिक दललाई दाम दिएर प्रसन्न बनाउनु आधारभूत आवश्यकता बनेको छ । जनताले हिजो राणा र शाहलाई दाम राखे, आज प्रचण्ड, ओली र देउवालाई राखिरहेका छन् । जनताका लागि सारभूतरुपमा केही परिवर्तन भएन । सरकार मात्र बदलियो, सत्ता बदलिएन ।

२०६२ सालको १९ दिने आन्दोलनले नेपालको २ सय ३७ वर्ष पुरानो राजतन्त्र ढालेर देशमा लोकतान्त्रिक गणतन्त्रको जग बसाल्यो भन्ने जुन भनाइ छ, त्यसमा नै सत्यता देखिन्न । शासन सत्तामा परिवर्तन हुनु भनेको नेता, कार्यकर्ता र जनताको मानसिकतामा परिवर्तन ल्याउनु हो । सोच र चिन्तनको परिवर्तन हो, त्यो आजसम्म भएको छैन । जस्तो, उदाहरणका लागि पितृसत्ता यथावत् छ, त्यसमा परिवर्तन आएको छैन । नकारात्मक पुरुषत्वले सत्ता कब्जा गरेको गऱ्यै छ। राजनीतिक शासकीय सत्ताको वास्तविक परिवर्तन यही पितृसत्ता र नकारात्मक पुरुषत्वलाई धुरी बनाएर राज्यका सबै अंगहरुमा घुमिरहेको हुन्छ । के पुरुष, के महिला, के अन्य लिङ्गी सबैमा पितृसत्ता र नकारात्मक पुरुषत्वको चिन्तन रोम-रोममा गडेको छ । यस प्रकारको राजनीतिक र सामाजिक परिवेशमा भएका आन्दोलनबाट हुने नै सरकार परिवर्तन मात्र हो, सत्ता परिवर्तन होइन । तर, जनताका लागि चन्द्र शमशेरका ठाउँमा पुष्पकमल दाहाल बस्नु मात्र परिवर्तन हुन सक्तैन । पुरानै सत्तामा लोकतान्त्रिक भनिने सरकार गठन हुँदैमा जनताको भागमा सुशासन र आर्थिक समृद्धि पर्दो रहेनछ ।

पितृसत्तात्मक दिमाग भएका महिला, पुरुष वा अन्य लिङ्गी जो भए पनि सत्ता परिवर्तन नहुने तथ्य प्रमाणित गर्न पंक्तिकार पशुपतिनाथको शरणमा पुग्यो । देवी-देवताको मन्दिरमा पुगेका महिला र पुरुष कस्ता प्रार्थना गर्छन्, कसका लागि प्रार्थना गर्छन् भनेर सोधखोज गऱ्यो । गत फागुन महिनाको अन्तिम सोमबार देवाधिदेव महादेवको धाम पशुपतिनाथ परिसरमा दर्शन गर्न पुगेका भक्तहरुको अन्तर्वार्ता गऱ्यो । त्यहाँ पुगेर यसले पाएको ज्ञान के भने, नेपालजस्तो आर्थिक, सामाजिक, धार्मिक र सांस्कृतिक परिवेशको मुलुकमा सोच र चिन्तनले पनि सत्ता र नेतृत्वमा रहेका व्यक्ति निर्दयी र पक्षपाती हुँदा रहेछन् । यस तथ्यलाई लैङ्गिक चिन्तनको दृष्टान्तका साथ व्याख्या गरौं । जस्तो, पुरुषको कल्याणका लागि अधिकांश महिला देवी-देवताका मन्दिरमा पूरै दिन खर्च गर्छन्, लामो लाइनमा बस्छन्, व्रत गर्छन्, पूजा लगाउँछन् । श्रीमान् वा छोराको आयु बढोस्, उनीहरुले राम्रो जागिर पाऊन्, उनीहरुको स्वास्थ्य राम्रो होस्, सन्तानको प्रगति होस् भनेर नै उनीहरु समय र श्रम लगाइरहेका हुन्छन् । आफ्ना लागि सोचेर मन्दिर आउने महिला अत्यन्त सानो परिमाणमा मात्र भेटिन्छन् ।

अर्कातिर पुरुषहरु जति आउँछन्, उनीहरु आफ्नै कल्याणका लागि देवी-देवताको प्रार्थनामा लागिरहेका हुन्छन् । पशुपतिनाथमा लागेको लाम हेर्दा आधाभन्दा बढी जनशक्ति महिलाको देखिन्छ जो पुरुषकै कल्याणका लागि लामबद्ध छन्, पुरुष त स्वयं आफ्नो हितमा वर माग्ने नै भए । कस्तो गज्जब अवस्था । महिला पुरुषका लागि र पुरुष पुरुषकै लागि । महिलाका लागि त खास वर नै मागिँदो रहेनछ । धर्मशास्त्रहरुले पनि पुरुषकै कल्याणको कुरा गरेका छन् । दुर्गा सप्तशति चण्डी पढ्नुस् वा स्वस्थानीको प्रार्थना, देवी जो स्वयं महिला हुन् उनलाई गरिने प्रार्थना पनि महिलाका लागि हुँदैनन् । यदाकदा झुक्किएर छोरीको कल्याणका लागि देवी-देवतासँग प्रार्थना गरे पनि छोरा-नाति वा पुरुषका लागि भने यत्रतत्र प्रार्थना पाइन्छ ।

मन्दिरको लाममा बस्ने महिलाको सोच किन यति बढी पुरुषप्रधान बन्यो ? प्रस्ट छ, धर्मशास्त्र पढेर व्यक्तिले धारणा बनायो, शास्त्र व्यवहारमा लागू गर्ने प्रयास गऱ्यो । यसो गरेमा नै पुण्य प्राप्त हुने, स्वर्ग पाइने विश्वासका साथ हुर्केको व्यक्तिको सोच यसभन्दा बाहिर जान पनि त सहज हुँदैन । अर्को तथ्य, पितृसत्तात्मक व्यवस्थामा बाहिरी जगत् श्रीमान्ले र घर श्रीमतीले सम्हाल्ने हो, नेतृत्व पुरुषको र सहायक र सहयोगी भएर पुरुषलाई नै सघाउने काम महिलाको हो । यसरी हेर्दा, पुरुष नभए त घर-परिवार रानुविनाको मौरी हुने भयो- अनाथ र असहाय । त्यसैले आफूलाई मिटाएर नेतृत्वलाई बचाउने, रानुलाई संरक्षण गर्ने सोचको विकास भयो । झट्ट हेर्दा यो स्वाभाविक पनि देखिन्छ।

धर्म-संस्कारले महिलाको जीवनलाई लहरा र पुरुषलाई थांग्रो बनाएको छ, विनाआड र आधार लहराको जीवन छैन । पितृसत्तात्मक चिन्तनले समाजलाई हरेक क्षेत्रमा पुरुषलाई प्राथमिकतामा राखेको छ । यही कारण हो कि संविधान र कानुनले महिला, पुरुष, अन्य लिङ्गी सबैलाई समान अधिकार दिएको दाबी गरे तापनि महिलाभन्दा पुरुष नै बढी लाभको अवस्थामा छन् । यसो किन त ? किनभने, समाजशास्त्रले महिला र पुरुषको भूमिकाको कुरा गर्दा पुरुषका तीन मात्र भूमिका, तर महिलाका चार भूमिकाको कुरा गर्छ । जस्तो कि उत्पादन र आर्थिक गतिविधिको काम महिला-पुरुष दुवैले गर्छन्, जागिर खान्छन्, मजदुरी गर्छन् । धान गोड्ने होस् वा वस्तु पाल्ने, यी सबै काम आर्थिक उत्पादनका कार्य हुन् । समाजमा महिला-पुरुष दुवै यसमा भिडिरहेका हुन्छन् ।


सामाजिक र सांस्कृतिक भूमिका पनि दुवैले गर्छन् । धर्मकर्म, पूजापाठ, आफन्तकहाँ विवाहबटुलोमा जाने वा यस्ता कामको आयोजना गर्ने, यो पनि दुवैबाट हुन्छ । राजनीतिक गतिविधिमा सरिक हुने काममा पनि दुवैले भूमिका नखेलेको भए आज स्थानीय सरकारमा ४० प्रतिशत महिला सहभागिता हुने थिएनन् । तर अब चौथो काम जो छ, त्यो केवल महिलाको थाप्लोमा मात्र छ- रिप्रडक्सन वा प्रजननको काम । बच्चा पेटमा राख्नै पऱ्यो, स्तनपान गराउनै पऱ्यो। स्तनपानका कारण चार-पाँच वर्षसम्म आफू जहाँ गए पनि बच्चालाई बोक्दै हिँड्नै पऱ्यो। महिलाले पुरुषले भन्दा यही प्रजनन भूमिका बढी गर्छन्, यसकै कारण उनीहरु कति ठाउँमा पुरुषले जति अवसरको सदुपयोग गर्न सक्तैनन् । व्यक्तिगत विकास, पेसागत प्रगति, पहिचानको खेती आदिमा उनीहरु पछाडि पर्छन्।

वास्तवमा यही जिम्मेवारी बोकेर समाजलाई अघि बढाइदिएका कारण उनीहरुलाई समाजले क्षतिपूर्ति दिनुपरेको हो । कतिले महिलालाई आरक्षण किन भन्छन्, जवाफ हो अतिरिक्त भूमिका निर्वाह गरेर मानव समाजलाई कायम राखिदिएका कारण वा नयाँ पुस्ताको उत्पादन गरिदिएका कारण महिलालाई विशेष सम्मान दिएर न्याय गर्नुपरेको हो । तर, महिलाको अतिरिक्त भूमिकाको स्मरण र सम्मान गर्दै उनीहरुको आयु, स्वास्थ्य र प्रगतिका लागि पुरुषले मन्दिरमा लाम बस्नुपर्ने हो । होइन र ?

निष्कर्ष हो, पितृसत्ता होस् वा शासनसत्ता परिवर्तन भएको छैन । राजनीतिक र सामाजिक आन्दोलन एकसाथ अघि नबढाएसम्म सत्तामा परिवर्तन आउँदैन । नेपालमा जसको सरकार भए पनि छिमेकी भारत र चीन अनि महाशक्ति अमेरिका र अन्य प्रभावशाली मुलुकको निर्देशन अनुसार चल्नुपर्ने भएपछि हामीकहाँ आएको भनिएको परिवर्तनमा गहिराइ कसरी सम्भव होला ? यस पक्षलाई जबसम्म हामी बुझ्दैनौं, तबसम्म सर्वसाधारण जनताका लागि राजनीतिक नेतृत्वमा चन्द्र शमशेर बसून् वा प्रचण्ड, तात्विक भिन्नता हुनेछैन । त्यसैले, सरकार होइन, सत्ता परिवर्तनमा लागौं !

*(साभार: नेपाल समाचारपत्र)*

# राजीनामाको माग 'बुमरेङ' नहोस् !



✍ गोविन्द अधिकारी

**रवि लामिछानेले गृहमन्त्री पदबाट राजीनामा दिएर सहकारी पीडितले बचत फिर्ता पाउने भए कांग्रेसको माग र विरोध जनताको हितमा हुनेथियो । त्यस अवस्थामा सबैले कम्तीमा पीडित सबैले कांग्रेसको सराहना नै गर्ने थिए । तर, त्यसो त हुँदैन । बरु लामिछानेलाई 'बलिको बोको' बनाएपछि अरु मुख्य पीडकहरु उम्कनेछन् । किनभने सहकारी संस्थालाई जनदोहनको माध्यम बनाउन रवि लामिछानेले थालेका त होइनन् । अर्थात्, लामिछाने सहकारी पीडितका मामिलामा मूल कारणी होइनन् भन्ने हेक्का नराखे मुख्य अपराधी उम्कनेछन् ।**

नेपाली कांग्रेसका सांसदहरूले प्रतिनिधि सभामा रवि लामिछानेलाई गृहमन्त्री बनाएकोमा प्रधानमन्त्रीसँग जबाफ मागेर संसद् अवरुद्ध गर्दैआएका छन् । प्रधानमन्त्रीले जबाफ नदिएकाले गृहमन्त्री लामिछानेको राजीनामा माग्न थालेका छन् ।

सहकारी पीडितको समस्यामा 'मुछिएका ' भनेर आरोपित व्यक्ति भएकाले रवि लामिछाने सरकारमा जानु उचित थिएन । तर, पुष्पकमल दाहालले धोका दिँदा सत्ताबाहिर पुग्नुपरेको आक्रोश रवि लामिछानेमाथि पोख्नु भने कांग्रेसलाई पटक्कै सुहाउँदैन ।

प्रतिपक्षी दल भएकाले कांग्रेसले संसद्मा सरकारको विरोध गर्नु अस्वाभाविक होइन । सहकारी पीडितहरू सडकमा आन्दोलनरत छन् । पोखराको 'सूर्यदर्शन बचत तथा ऋण' सहकारी संस्थालगायतमा भएको घोटालामा लामिछानेको नाम जोडिएको छ । सूर्यदर्शन सहकारीको हिनामिना भएको भनिएको १ अर्ब ३५ करोड ५३ लाख ५४ हजार ८९८ रुपैयाँमा ग्यालेक्सी टेलिभिजनका सञ्चालक गितेन्द्रबाबु (जीबी) राईसँगै लामिछानेको नाम पनि जोडिएको छ ।

लामिछाने पहिले ग्यालेक्सी टेलिभिजनमा प्रबन्ध निर्देशक थिए भने ग्यालेक्सी टेलिभिजन चलाउने गोरखा मिडिया नेटवर्क प्रा.लि.को सञ्चालक राई सूर्यदर्शन बचत तथा ऋण सहकारीका पूर्व अध्यक्ष हुन् । यसरी रवि लामिछाने सहकारीमा भएको घोटालाको एउटा पक्ष हुनपुगेको देखिन्छन् ।

रवि लामिछाने गृहमन्त्री भएपछि उनी मातहतका निकायले यसको निष्पक्ष छानबिन गर्न सक्तैनन् कि भन्ने सन्देह संसद्भित्र र बाहिर पनि प्रकट भइरहेको छ । त्यसैले प्रतिपक्षले रवि लामिछानेलाई गृहमन्त्री बनाउनुको कारण माग गर्नुलाई पनि अर्घेल्याइँ भन्न मिल्दैन ।

तर, प्रधानमन्त्रीले उत्तर दिएनन् भनेर गृहमन्त्रीको राजीनामा माग्नु भने अर्घेल्याइँ नै हो । यस्तो अर्घेल्याइँ नेपाली कांग्रेसलाई सुहाउने त होइन तर अचेल कांग्रेसका नेताहरूले यसको मर्यादा राखेकै कहाँ छन् र ? यसै अहिले न कांग्रेस कांग्रेसजस्तो देखिन्छ न यसका नेताको आचार र विचार नै लोकतान्त्रिकै छ ।

### सहकारीमा स्वार्थबझान

अहिले सहकारीका बचतकर्ता ठगिएको काण्डमा रवि लामिछाने नै सबैभन्दा ठूलो घोटालावाज भएजस्तो चित्रण गरिएको देखियो । लामिछाने मुछिएका देखिन्छन् तर सबैभन्दा मुख्य घोटालावाज भने पक्कै होइनन् ।

सहकारीलाई ठगीको धन्दा बनाउनेमा सबै राजनीतिक दलका नेता र कार्यकर्ता छन् । तिनीहरू अधिकांश सहकारीका सञ्चालक, ऋणी र बचतकर्ता छन् । धेरै हिनामिना गर्नेमा भने रकम र संख्या दुवैमा सत्ताका प्रमुख घटक नेकपा (एमाले) निकट व्यक्ति रहेको अनुमान गरिएको छ सुन तस्करीको सञ्जालमा नेकपा (माओवादी केन्द्र) का नेताहरू धेरै संलग्न रहेजस्तै । सम्भवत: 'सञ्चालकलाई थुनेर डुबेको रकम असुल हुँदैन' भन्ने कानुनमन्त्रीको भनाइमा यही मानसिकता व्यक्त भएको हो ।

रवि लामिछानेले गृहमन्त्री पदबाट राजीनामा दिएर सहकारी पीडितले बचत फिर्ता पाउने भए कांग्रेसको माग र विरोध जनताको हितमा हुनेथियो । त्यस अवस्थामा सबैले कम्तीमा पीडित सबैले कांग्रेसको सराहना नै गर्ने थिए ।

तर, त्यसो त हुँदैन । बरू लामिछानेलाई 'बलिको बोको' बनाएपछि अरू मुख्य पीडकहरू उम्कनेछन् । किनभने सहकारी संस्थालाई जनदोहनको माध्यम बनाउन रवि लामिछानेले थालेका त होइनन् । अर्थात्, लामिछाने सहकारी पीडितका मामिलामा मूल कारणी होइनन् भन्ने हेक्का नराखे मुख्य अपराधी उम्कनेछन् । उनीहरूलाई खोज्ने प्रयासै नहुनसक्छ । कतै, यही प्रपञ्च मिलाउन कांग्रेसलाई शिखण्डि र संसद्लाई कुरुक्षेत्र बनाइएको त होइन ?

रविले सुन तस्करीसम्बन्धी जाँचबुझ आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने तदारुकता देखाएपछि तस्करतन्त्रका भारदार र पोष्यपुत्रहरूमा पक्कै खलबली मच्चिएको हुनुपर्छ । शासन संयन्त्रका सूचनामा लामिछानेको आधिकारिक पहुँच होला तर तस्करतन्त्रको अनधिकृत पहुँच बलियो हुनसक्छ । यस्तै, शासन सञ्चालनमा पनि तस्करतन्त्र कम प्रभावशाली नहोला । तस्करतन्त्रका पोष्यपुत्रहरू सबै राजनीतिक दलमा पक्कै छन् । तितनको नुन खाएकाहरूले परेका बेला पक्कै गुन तिर्नुपर्ला । यसैले विपक्षको ध्यान रवि र सहकारीतर्फ केन्द्रित गरिएको त होइन ?

### राजीनामा कस्को ?

अहिलेको अवस्थामा राजीनामा माग्नुपर्ने त प्रधानमन्त्री पुष्पकमल दाहालको हो । उनका निकट सहयोगीहरू यसरी तस्करीमा आरोपित भएकाले तिनलाई कारबाही हुन नदिन दाहालको प्रभाव प्रयोग हुनसक्छ । रवि लामिछानेकै हकमा पनि स्वार्थबझान भएका व्यक्तिलाई गृहमन्त्री नियुक्त गरेका त दाहालले हो नि !

यसैगरी पार्टीलाई दुई दुईपटक सत्ताबाट बाहिर धकेल्ने त कांग्रेस सभापति शेर बहादुर न देउवा हुन् । पहिल्यै दाहाललाई प्रधानमन्त्री हुनदिएको भए एमालेसँग पहिलो गठबन्धन नै हुनेथिएन । सभामुख पद पनि कांग्रेसकै सदस्यले पाउँथे । दोस्रोपटक, एमाले अध्यक्ष ओलीले कुरा गरौं भन्दा नमानेर कांग्रेस फेरि विपक्षमा पुग्यो । भातृ संगठनहरू लथालिङ्ग छन् । जनतामा छवि बिग्रेको छ । यस्तो अवस्थाबाट पार पाउने हो भने कांग्रेसजनले त सभापति देउवाको पो राजीनामा माग्नुपर्ने । अनि बल्ल एमालेसँग मिलेर राष्ट्रिय सहमतिको प्रयास गर्ने कांग्रेस सांसदहरूको गफ पत्यारलाग्दो हुन्थ्यो ।

कांग्रेसका सांसदहरूलाई नेताको इसारामा होइन विवेकले देखाएको बाटो हिँड्ने सद्बुद्धि प्राप्त होस् !

### बचतकर्ताको रकम फिर्ता गर !

- सहकारी पीडितको रकम फिर्ता गर्ने/गराउने दायित्व राज्यको हो । राज्यको उचित नियमनको अभावमा न सहकारीलाई जनताको बचत दोहन गर्ने माध्यम बनाउन ठगहरू सफल भएका हुन् । यसैले सबैभन्दा पहिले सरकारले पीडितको रकमको जिम्मा लिने घोषणा गर्नुपर्छ ।
- बचतकर्ताको रकम निर्धारण भएपछि नगद भुक्तान गर्न नसके उनीहरूलाई सरकारले ऋणपत्र देओस् । त्यसलाई राष्ट्रिय ऋणपत्र सरह धितो राख्न सकिने भएमा बचतकर्तालाई पनि धेरै मर्का पर्नेछैन ।
- राज्यले दिएको रकम बचत हिनामिनामा भूमिका भएका सहकारी सञ्चालक तथा ऋणीबाट सरकारी बाँकी सरह ऋण असुल गर्ने विशेष अभियान सरकारले चलाओस् ।
- हिनामिना गर्ने गराउनेमाथि भ्रष्टाचार र ठगीमा मुद्दा चलाउने र अपचलनमा मुछिएकाहरूलाई सार्वजनिक बहिष्कार गर्ने, पदमा भए मुक्त गर्नेजस्ता उपायहरू अपनाउने ।

यति गर्ने हो भने पीडितहरूको रकम फिर्ता हुनेछ भने यस्तो ठगी पनि निरुत्साहित हुनेछ ।

# कोरियाको रोजगारीमा म्यानपावरको इन्ट्री, धरापमा ईपीएस प्रणाली



काठमाडौं/अन्तत: सरकारले श्रमिक आपूर्तिको स्पष्ट विधि, मापदण्ड र प्रणाली विकास नगरी दक्षिण कोरियामा म्यानपावर कम्पनीमार्फत सिपयुक्त श्रमिक पठाउन बाटो खोलिदिएको छ । श्रम रोजगार तथा सामाजिक मन्त्रालयले चौतर्फी विरोधका बीचमा १७ फागुनमा कोरियामा सिपयुक्त श्रमिक पठाउनेसम्बन्धी कार्यविधि २०८० जारी गर्दै कोरियामा म्यानपावर मार्फत पनि श्रमिक पठाउने बाटो खुला गरेको हो ।

१७ फागुनमा पदमुक्त भएका निवर्तमान श्रममन्त्री शरतसिंह भण्डारीको निर्णयबाट जारी भएको कार्यविधि मन्त्रालयको २९ फागुनमा वेबसाइटमा राखिएको हो । कार्यविधिले प्रधानमन्त्रीले दिएको निर्देशन विपरीत कोरियामा सिपयुक्त श्रमिक म्यानपावरमार्फत लैजान सक्ने व्यवस्था गरेको छ । यसले पारदर्शी रुपमा ईपीएसमार्फत कोरियामा श्रमिक पठाउने बसेको रोजगार अनुमति प्रणाली (ईपीएस)लाई नै प्रभावित गर्ने जोखिम छ ।

कोरिया पठाउने नाममा ठगी बढ्ने र बसेको थिति बिग्रिने सम्भावनालाई औंल्याउँदै गत २४ पुसमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले श्रम मन्त्रालयलाई लिखित रुपमै कोरियाको सिपयुक्त श्रमिकले पाउने ई-७ भिसामा नेपालीलाई पठाउन रोजगार अनुमति प्रणाली (ईपीएस)मै आबद्ध गरेर सरकार मार्फत नै पठाउने व्यवस्था गर्न निर्देशन दिएका थिए । 'दक्षिण कोरियामा हाल ईपीएस प्रणालीबाट मात्र नेपाली श्रमिक पठाउने व्यवस्था भएकोमा ई-७ भिसालाई समेत सोही प्रणालीमा आवद्ध गराउन कोरिया सरकारसँग भएका श्रम सम्झौता नवीकरणको कार्य प्रारम्भ गर्नुहोला,' प्रधानमन्त्रीले तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारीसहित मन्त्रालयका अधिकारीहरूसँगको बैठकमा भनेका थिए ।

तर, मन्त्रालयबाट जाँदा जाँदै भण्डारीले अपारदर्शी ढंगले प्रधानमन्त्रीको निर्देशन मिच्दै कार्यविधि जारी गर्ने निर्णय गरेको पाइएको हो । निवर्तमान श्रममन्त्री भण्डारीले सरकारीतवरबाटै सिपयुक्त श्रमिक पठाउने गरी भएको जापानसँग भएको सहकार्यको समझदारी विपरीत म्यानपावरलाई अनुमति दिने निर्देशिका जारी गरेका थिए । सोही निर्देशिकामा सामान्य फेरबदल गरेर कोरियामा श्रमिक पठाउन मन्त्रालयले बाटो खोलिदिएको हो ।

गत २३ फागुनमा राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डोलप्रसाद अर्याल श्रममन्त्रीका रुपमा श्रम मन्त्रालयमा आएका थिए । श्रममन्त्री अर्याल पनि म्यानपावर कम्पनीकै पृष्ठभूमिका व्यवसायी हुन् । ३ माघ २०७९मा श्रममन्त्री बन्दा उनी नर्याभानेवरको श्रेष्ठ ओभरसिज इम्प्लोयमेन्ट सर्भिस प्रालिमा 'अन्तर्राष्ट्रिय बजार निर्देशक' पदमा रहेको भन्दै आलोचना भएको थियो ।

दोस्रोपटक श्रममन्त्री भएर मन्त्रालय फर्किएका अर्याललाई अब कोरियाको रोजगारीमा म्यानपावर कम्पनीहरूलाई घुसाउनेसहित विभिन्न अपारदर्शी निर्णय उल्ट्याउनु पर्ने जिम्मेवारी आइपरेको छ । निवर्तमान श्रममन्त्री शरतसिंह भण्डारीले गरेका विभिन्न विवादास्पद निर्णयहरु उल्ट्याउने र प्रधानमन्त्रीले दिएका निर्देशन पालना गर्ने भन्दै उनले सहसचिव गोबिन्दप्रसाद रिजालको नेतृत्वमा एक समिति नै बनाएर अध्ययन थालिसकेका छन् ।

**के छ कार्यविधिमा ?**

मन्त्रालयले जारी गरेको कार्यविधिले हाल वैदेशिक रोजगार विभागमा दर्ता भएका म्यानपावर कम्पनीले तोकिएको मापदण्ड पूरा गरेमा ई-७ भिसा प्रणालीअन्तरगत कोरियामा श्रमिक पठाउन सकिने व्यवस्था गरेको छ । यस्ता कम्पनीले कोरियामा श्रमिक पठाउन सहजीकरण, भाषा तथा आवश्यक सीप प्रशिक्षण सञ्चालनको काम गर्नेछन् ।

श्रम मन्त्रालयले जारी गरेको कार्यविधिमा भाषा र सीपको लागि प्रचलित मापदण्ड बमोजिमको आफ्नै स्वामित्वको तालिम केन्द्र या पूर्णकालीन उपयोग गर्न सकिने गरी करार सम्झौता गरी लिएको तालिम केन्द्र भएको हुनुपर्ने शर्त राखेको छ ।

भाषा प्रशिक्षण तालिम केन्द्रमा कोरियाली भाषा पढाउने सम्बन्धमा कोरियाली भाषा प्रशिक्षणको आधिकारिक प्रमाणपत्र प्राप्त कम्तीमा २ जना भाषा प्रशिक्षक भएको हुनुपर्ने अर्को शर्त पनि राखेको छ ।

नेपाली इजाजतपत्र प्राप्त संस्थाले ई-७ भिसा प्रणालीको माग संकलन, प्रमाणीकरण तथा सहजीकरण एवम् नेपाली कामदारका लागि आवश्यक कल्याणकारी सेवा तथा कार्यहरु गर्ने प्रयोजनका लागि कोरियामा कानूनी रुपमा दर्ता भएको आफ्नै सम्पर्क शाखा या अनुमति प्राप्त् एशोसियसनसँग सम्झौता गरेको हुनुपर्ने शर्त पनि राखिएको छ । यस्तो संस्थाले यस कामका लागि नेपाली श्रमिक तथा नेपाली इजाजतपत्र प्राप्त संस्थासँग कुनै पनि शुल्क नलिने सम्झौता भएको हुनुपर्ने व्यवस्था पनि गरिएको छ ।

कोरियाली रोजगारदाता स्वयम्ले वा भाषा तथा सीप तालिम प्रदायक संघ संस्थाले नेपालमै आएर भाषा तथा सीप तालिम प्रदान गर्ने भएमा भाषा तथा सीप तालिम दिन सक्ने आफ्नै पूर्वाधार भएको वा नेपालस्थित कोरियाली भाषा तथा विशिष्टिकृत सीप प्रशिक्षण केन्द्र पूर्णकालिन उपयोग गर्न सकिने गरी करार सम्झौता गरी लिएको हुनुपर्ने अर्को शर्त पनि छ ।

ई-७ भिसा प्रणाली अन्तर्गत रोजगारीका लागि कोरिया जान इच्छुक नेपाली नागरिकले कोरियाली सरकारको सम्बन्धित निकायबाट मान्यता प्राप्त संस्था वा इजाजतपत्र प्राप्त संस्थाबाट सञ्चालन भएको कोरियाली भाषा परीक्षा र पेशागत सीप परीक्षा उत्तीर्ण गरेको हुनु पर्ने कार्यविधिमा उल्लेख छ । भाषा परीक्षा उत्तीर्ण गरेका नेपाली कामदारको विवरण इजाजतपत्र प्राप्त संस्थाले वैदेशिक रोजगार विभागलाई उपलब्ध गराउने र यस्तो सूची विभागले अद्यावधिक रुपमा राख्नुपर्ने छ ।

यस्तो भिसाको मागपत्र कोरियास्थित नेपाली दूतावासले पेश भएको १५ दिनमा गर्नुपर्ने व्यवस्था गरिएको छ । दूतावासले १५ दिनभित्र प्रमाणीकरण नगरेमा श्रम मन्त्रालयले प्रमाणीकरण गर्ने व्यवस्था समेत कार्यविधिमा छ । श्रमिक भर्तिको प्रक्रिया अहिले म्यानपावर कम्पनीहरूले खाडी र मलेसियामा श्रमिक पठाएजस्तै हुने गरी तोकिएको छ । म्यानपावरले छनोट गरेका श्रमिकका लागि भिसा प्रक्रियाको सिफारिस भने भने वैदेशिक रोजगार विभागले गर्ने विरोधाभासपूर्ण व्यवस्था समेत कार्यविधिमा छ ।

मन्त्रालयले कार्यविधिमा कोरियामा रोजगारीको लागि पठाउँदा लाग्ने हवाई भाडा, बीमा, स्वास्थ्य परीक्षण, कल्याणकारी कोषमा योगदान, सामाजिक सुरक्षा कोषमा योगदान र श्रम स्वीकृतिमा लाग्ने खर्च रोजगारदाताले व्यहोर्ने भनिएकोमा त्यसैअनुसार हुने उल्लेख छ । तर, रोजगारदाताले नबेहोरेमा म्यानपावरले उठाउने सेवा शुल्क मन्त्रालयले तोके बमोजिम हुने कार्याविधिमा उल्लेख छ । मन्त्रालयको रोजगार व्यवस्थापन सम्बन्धी विषय हेर्ने महाशाखाले श्रम समझदारीय बमोजिम सम्पर्क बिन्दुको रुपमा काम गर्ने कार्यविधिमा व्यवस्था छ ।

**खुल्यो श्रमिक ठग्ने बाटो**

विज्ञहरु भने अब 'दक्ष'का नाममा म्यानपावर कम्पनीहरुमार्फत महँगो शुल्क तिरेर कोरियामा अदक्ष श्रमिक कोरिया पुग्ने र चर्को लागतका कारण अवैध भएर बस्ने खतरा बढ्ने बताउँछन् ।

अहिले रोजगार अनुमति प्रणाली (ईपीएस)मार्फत ई-९ भिसा (अदक्ष श्रमिक) का लागि सरकारले कोरिया सरकारसँग सम्झौता गरेर भाषा परीक्षा गरेर पठाउने प्रणाली छ । करिब १ लाख नेपाली श्रमिकले यो पारदर्शी प्रणालीबाट कोरियामा पुगिसकेका छन् ।

म्यानपावर कम्पनीहरुले यसअघिदेखि नै ई-७ भिसामा पठाउने भन्दै क्यौं श्रमिकसँग १५ लाख रुपैयाँसम्म उठाएर अलपत्र पारिरहेको घटना बाहिर आइसकेको छ ।

कोरियाली सरकारसँग ईपीएस प्रणालीका लागि मात्रै सम्झौता गरेर श्रमिक पठाइरहे पनि सरकारले ई-७ भिसामा प्रणालीबारे पनि सरकारले छुट्टै सम्झौता गरेको छैन । सरकारले म्यानपावर कम्पनीले सेवा शुल्क समेत नतोकी ई-७ भिसामा श्रमिक पठाउन दिदा ठगीको जोखिम उच्च हुने श्रम मन्त्रालयकै अधिकारीहरुले बताउँदै आएका छन् ।

यसअघिदेखि नै ई-७ भिसाका नाममा अदक्ष श्रमिकसँग पनि चर्को सेवा शुल्क उठाएर ठगी भइरहेको र सो भिसामा व्यक्तिगत श्रम स्वीकृति लिएर कोरियामा पुगेका श्रमिक लुक्ने सम्भावना बढी भएको भन्दै कोरियास्थित नेपाली दूतावासले म्यानपावर कम्पनीमार्फत आएको ई-७ भिसाको मागपत्र प्रमाणीकरण गरिरहेको छैन ।

कोरियास्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरण नगरेपछि म्यानपावर कम्पनीहरूले सरकारमाथि ई-७ भिसामा संस्थागत रुपमा श्रमिक पठाउने बाटो खुला गर्न माग गर्दै दबाब बढाएका थिए । तत्कालीन श्रममन्त्री शरतसिंह भण्डारी र ११ चैतमा अवकाश हुन लागेका सचिव केवलप्रसाद भण्डारी उचित वातावरण तयार गरेर खोल्नुपर्ने ई-७ भिसामा संस्थागत रूपमै श्रमिक पठाउनेपर्ने पक्षमा खुलेरै लागेका थिए ।

त्यसकै आधारमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले 'वैदेशिक रोजगार सम्बन्धी मागपत्र जाँचबुझ र स्वीकृत गर्ने कार्यविधि २०८०' जारी गर्दै कोरिया लगायतका विभिन्न देशमा दूतावासहरूले विभिन्न कारण देखाएर रोकेका मागपत्र मन्त्रालयभित्रै प्रमाणीकरण गर्ने बाटो समेत खोलिसकेको छ । वैदेशिक रोजगार व्यवसायीले ई-७ भिसा नाममा ल्याइरहेका शंकास्पद मागपत्र रोक्न नहुने पक्षमा मन्त्रालय उभिएपछि व्यवसायीहरूले कोरिया पठाउने भन्दै रकम असुल्ने क्रम बढाएका थिए ।

प्रमाणीकरणको कार्यविधि अनुसार श्रम मन्त्रालयका रोजगार व्यवस्थापन महाशाखा प्रमुखको संयोजकत्वमा परराष्ट्र मन्त्रालयका उपसचिव, वैदेशिक रोजगार विभागका उपसचिव, श्रम मन्त्रालयको कानुन तथा फैसला कार्यान्वयन शाखाका उपसचिवसहितको उच्चस्तरीय समितिले यस्ता मागपत्र प्रमाणीकरण गर्नुपर्ने भएपनि यस्तै ठगीको सम्भावना देखेपछि परराष्ट्र मन्त्रालयले प्रतिनिधि नै नपठाएर संयन्त्रलाई काम गर्न रोकेको थियो ।

अब मन्त्रालयले ई-७ भिसामा श्रमिक कोरिया पठाउने कार्यविधिमै मन्त्रालयबाट मागपत्र प्रमाणीकरण हुने व्यवस्था गरेको छ । विधिविपरित कुन्त रकम असुलेर श्रमिकलाई कोरिया पठाउन खोजिरहेका गिरोहलाई सहज वातावरण बनाउन अझै श्रम मन्त्रालयको प्रशासनिक नेतृत्व अग्रसर देखिएको छ । नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सोमबार एक वक्तव्य नै जारी गरेर पहलअनुसार निर्णय गरेकोमा श्रममन्त्री र सचिवलाई धन्यवाद भनेका छन् ।

**जोखिममा ईपीएस**

तर, वैदेशिक रोजगार विभाग, ईपीएस कोरिया शाखाका अधिकारीहरु पनि कोरियामा श्रमिक पठाउँदा म्यानपावर कम्पनीले लिने लाभलाई मात्रै हेरेर ई-७ भिसामा श्रमिक पठाउनु प्रत्युत्पादक हुनसक्ने बताउँछन् । कोरियामा अहिले पनि श्रमिक भागेर र लुकेर अवैध बस्ने समस्या रहेको अवस्थामा ई-७ भिसामा ठूलो रकम खर्चिएर श्रमिक गएमा उनै बस्ने समस्या बढ्ने जोखिम रहेको उनीहरु बताउँछन् ।

'म्यानपावर कम्पनीलाई १५ लाख रुपैयाँसम्म बुझाएर गएको श्रमिकले ऋण तिरेर फर्किने बेलामा धेरै पैसा जोगाउन सकेको हुँदैन,' ईपीएस कोरिया शाखाका एक अधिकारी भन्छन्, 'नेपालीहरु धेरै अवैध भएर बस्ने भने ईपीएसमार्फत गइरहेका श्रमिकको कोटा पनि खोसिन्छ ।' कोरियाले लामो समयदेखि ईपीएसमार्फत गएका कतिपय नेपालीहरु अवैध भएर बस्ने समस्या बढेकोप्रति चिन्ता व्यक्त गर्दै आएको छ ।

ती अधिकारीका अनुसार अहिले पनि ईपीएसमार्फत गएका सिपयुक्त जनशक्तिले कोरियामा ई-७ भिसा पाइरहेका छन् । यस्तो अवस्थामा सरकारले कोरिया सरकारसँग ई-७ भिसामा जाने श्रमिकको हित समेत विचार नगरी निर्णय गर्दा भविष्यमा समस्या थपिने उनको भनाइ छ ।

'मौसमी कामदारका रुपमा कोरियामा गएका पनि लुके, अदक्ष श्रमिकलाई पनि दक्ष भनेर कोरिया घुसाउने खेल पनि भइरहेको सुनिन्छ,' ती अधिकारी भन्छन्, 'ई-७ भिसामा श्रमिक पठाउनै नसकिने हैन, तर श्रमिकहरुको सेवासुविधा र हित रक्षाका कुरा सुनिश्चित नगरी म्यानपावरको मागपत्रमा धमाधम कलम चलिए भने कोरियाले दिइरहेको कोटा पनि खोसिदिनसक्छ ।'

तर, श्रम मन्त्रालयका सचिव भण्डारीसहित वैदेशिक रोजगार मामिला हेर्ने अधिकारीहरु भने ई-७ भिसामा श्रमिक पठाउँदा ईपीएस अन्तरगत जाने श्रमिकलाई कुनै असर नपर्ने दाबी गर्दै आएका छन् ।

कोरियास्थित नेपाली दूतावासमा श्रम कन्सुलरका रुपमा काम गरेका डिल्ली बास्तोला ई-७ भिसामा संस्थागत रुपमा श्रमिक पठाउनुअघि कोरियाली सरकारसँग यसबारे स्पष्ट खालको सम्झौता हुनुपर्ने बताउँछन् । श्रमिक पठाउँदा हुनसक्ने 'अनियमित' कामलाई नियमन र नियन्त्रण गर्ने गरी विधि, प्रक्रिया तथा मापदण्ड दुई देशको सरकारले नै बसेर टुंगो लगाउनुपर्ने बास्तोलाको भनाइ छ ।

'ई-७ भिसासँग ईपीएस मार्फत जाने श्रमिकको खास साइनो नहोला, तर श्रमिक पठाउनुअघि उनीहरुको हितलाई हेर्नुपर्छ,' बास्तोला भन्छन्, 'छनोट विधि, मापदण्ड, परीक्षा प्रणाली र शुल्क स्पष्ट तथा पारदर्शी बनाएर श्रम मन्त्रालयले श्रमिकको हित सुनिश्चित गरेपछि मात्रै पठाउने व्यवस्था गर्नुपर्छ ।'

(स्रोत:अनलाइनखबर)

# प्रदीपको अनुभव- 'सिक्वेलमा अप्ठ्यारो त हुन्छ'



काठमाडौं/नेपालमा बनेका सिक्वेलमध्ये अर्थपूर्ण मानिन्छ, 'जात्रा' श्रृंखला । यसको दोस्रो सिक्वेलमा कथा र पात्र दुवैले निरन्तरता पाएका थिए । र, कथालाई न्याय गर्न सफल थियो । अब तेस्रो सिक्वेल 'महाजात्रा' यही चैत ९ गतेबाट प्रदर्शनमा आउँदैछ । अघिल्ला दुई श्रृंखला पैसा र सुनमा केन्द्रित थिए । तेस्रो सिक्वेलमा पनि पैसा त छ तर राष्ट्रिय मुद्दालाई पनि उठाउन खोजिएको ट्रेलरले प्रष्ट संकेत गर्छ ।

फिल्ममा अभिनेता हरिवंश आचार्य भ्रष्ट नेताको भूमिकामा रहेकाले कथा पनि राजनीतिमा नै केन्द्रित हुनसक्ने आँकलन धेरैको छ । तर, निर्देशक प्रदीप भट्टराई 'महाजात्रा' राजनीतिक कथामा नबनेको दावी गर्छन् । फिल्ममा राजनीतिक 'टच' भए पनि कथा त्यसमै केन्द्रित नरहेको उनको जिकिर छ । उनी भन्छन्, 'दर्शकलाई राजनीतिक फिल्म हो भनेर हामीले कहीँ पनि महसुस हुन दिदैंनौं ।'

सिक्वेल फिल्ममा निर्देशकलाई त्यसको 'ब्रान्ड भ्याल्यु'ले थिच्ने गरेको पाइन्छ । प्रदीपलाई पनि सिक्वेल बनाउँदा अप्ठ्यारो महसुस हुने गरेको छ । 'कलाकार एउटै हुन्छ । उसको 'एक्सन' पनि एउटै हुन्छ,' उनी भन्छन्, 'महाजात्रा बनाउँदा अप्ठ्यारो नआएको होइन । तर, त्यो अप्ठ्यारोलाई अरु राम्रा कलाकारहरु ल्याउँदा सफ्ठ्यारो भएको थियो । यद्यपि, सिक्वेलमा अप्ठ्यारो त जहिले पनि हुन्छ ।'

प्रदीपलाई सुरुमा 'महाजात्रा'कै लागि भने 'आइडिया' जन्मिएको थिएन । तर, पछि त्यसलाई 'जात्रा'कै तीन पात्रले न्याय गर्न सक्छन् भन्ने भएपछि 'महाजात्रा' बनेको उनको भनाइ छ । उनी अगाडि भन्छन्, 'आइडियाको एउटा लाइन थियो, जसलाई 'रफ' गर्नुपर्थ्यो । त्यसमा नयाँ पात्र ल्याउनुभन्दा 'जात्रा'कै तीनजना पात्रलाई हाल्दा अझ बढी न्याय हुनसक्छ भन्ने लाग्यो । यसैले 'महाजात्रा' बन्यो ।'

निर्देशक भट्टराईलाई 'जात्रा' फ्रेन्चाइज एउटै शैलीको भयो भन्ने आरोप लाग्ने गरेको छ । उनको बुझाइमा भने सिक्वेल फिल्ममा एउटै कलर देखिनु स्वभाविक हो । 'संसारको जुनसुकै सिक्वेलमा पनि त्यो कलर त आउँछ नै । तर, त्यो हेर्दा अर्को फिल्म हेरेजस्तो भयो कि भएन भन्ने मुख्य कुरा हो । यसैले अघिल्लो श्रृंखलाभन्दा फरक हुनुपर्छ भनेरै हामीले 'महाजात्रा' बनाएका छौं,' उनको दाबी छ ।

'महाजात्रा' बनाउँदै गर्दा 'ब्याज'को पनि लोभ रहेको प्रदीप निर्धक्क स्वीकार्छन् । उनले ठट्यौली शैलीमा भने- 'ब्याज त बैंकले पनि खान्छ नि । तर, मिटर ब्याज खानुभन्न । आफ्नै चीज हो, सस्तो रेटमा ब्याज खाउँ न त भन्ने लागेको हो ।' अब 'जात्रा' फ्रेन्चाइजको शैली फेरिने उनको संकेत छ । 'हामीले बनाउँदै आएको फिल्मको 'प्याटन'को हिसाबले यो अन्तिम फिल्म हुनसक्छ,' प्रदीपले भने ।

# एक महिनामा 'घरज्वाइँ' प्याकअप, दयाहाङले गरे कपाल मुण्डन





काठमाडौं/अभिनेता दयाहाङ राई र अभिनेत्री मिरुना मगरको मुख्य भूमिका रहेको फिल्म 'घरज्वाइँ'को छायांकन सकिएको छ । गत फागुन ५ गते रुकुम पूर्वको लुगम गाउँबाट सुरु भएको छायांकन एक महिनामा 'प्याकअप' भएको हो । आइतबार (चैत ४ गते) फिल्मको अन्तिम दृश्य खिचिएको थियो । छायांकन सकिएपछि रुकुमका स्थानीयहरुले फिल्मको टिमलाई फूलमालाले विदाई गरेका छन् ।

निर्माण टिमले उपलब्ध गराएको तस्वीरमा दयाहाङले कपाल मण्डन गरेको देखिन्छ । यसैले उनले क्यापटोपी लगाएका छन् । उनी 'घरज्वाइँ'को छायांकन गैरहँदा फिल्म 'रहेलो'को प्रिमियरमा सहभागी हुन काठमाडौं आएका थिए । त्यसबेला उनको कपाल लामो थियो । फिल्मकै लागि उनले कपाल मण्डन गरेको अनुमान गर्न सकिन्छ । अब दयाहाङले फिल्म 'कार्साङ'को छायांकन गर्दैछन् ।

अनिल बुढा मगरको निर्देशनमा बनेको फिल्ममा बुद्धि तामाङ, पुस्कर गुरुङ, कविता आले, शिशिर वाङदेल, भोलाराज सापकोटा, खबपु पुन आदिको पनि अभिनय छ । जनक घर्ती मगर निर्माता रहेको फिल्मलाई सुसन प्रजापतिले छायांकन गरेका हुन् । रामजी लामिछानेको कोरियोग्राफी रहेको फिल्म आगामी असार २८ गतेबाट प्रदर्शन हुँदैछ । आरआर फिल्म्सले फिल्मको वितरण गर्नेछ ।

निर्देशक मगरले सन् २०११ मा 'लोभ्या' नामक फिल्मको निर्देशन गरेका थिए । यो फिल्म सार्वजनिक प्रदर्शनमा नआएको भए पनि एक अमेरिकी फिल्म फेस्टिभलमा विभिन्न विधामा अवार्ड जितेको थियो । यसपछि उनले फलाम खानीको कथामाथि फिल्म 'आङ्रे' बनाए, जसले अहिलेसम्म ७ विधामा अवार्ड जितिसकेको छ । अनिल फिल्म 'गोठालो'मा निर्माताको रुपमा समेत जोडिएका थिए ।

# अमेरिकामा हाउसफुल 'उपहार', आयुषले भने- 'उत्कृष्ट फिल्म'



काठमाडौं/महाशिवरात्रिको दिनबाट नेपालमा प्रदर्शनरत फिल्म 'उपहार'ले अब विदेश प्रदर्शन सुरु गरेको छ । त्यसको सुरुवात अमेरिकाको कोलोराडो राज्यबाट भएको छ ।

आइतबार हार्किन्स थिएटरमा आयोजित फिल्मको पहिलो शोजमा दर्शक 'ओभरफ्लो' भएको अभिनेत्री रेखा थापाले जानकारी गराइन् । उनका अनुसार, फिल्म हेर्न गएका ४० प्रतिशत दर्शक टिकट अभावले फर्किएका हुन् ।

मंगलबार कोलोराडोमै फिल्मको अर्को शोज पनि राखिएको छ । अमेरिकाका अन्य राज्यबाट पनि फिल्मको उच्च माग भइरहेको कार्यकारी निर्माता बलराम शाही ठकुरीले बताए । नेपालमा प्राप्त सकारात्मक प्रतिक्रियाको प्रभाव अमेरिकाको शोजमा देखिएको उनको भनाइ छ । 'उपहार' हेर्न अभिनेता आयुष रिजाल पनि पुगेका थिए । उनले फिल्म उत्कृष्ट रहेको भन्दै तारिफ गरेका छन् ।

ज्ञानेन्द्र देउजाको निर्देशनमा तयार भएको फिल्ममा रेखा थापा, पूजा शर्मा, मुकुन भुषाल, बेनिशा हमाल, तेज गिरी, सुष्मा कार्की, समर्पणजंग कार्की, शिशिर राणा, अंशु महर्जन, विनोद पौडेल लगायतको अभिनय छ । फिल्मका निर्माता सुलभ प्रतिक र समीक्षा देउजा हुन् । नेपालमा 'उपहार'को इनिसियल व्यापार सुखद् थियो । यो फिल्मबाट रेखाले करिब ५ वर्षपछि कमब्याक गरेकी हुन् ।

# गृहमन्त्रीलाई तुरुन्त हटाउन राष्ट्रिय जनमोर्चाको माग

काठमाडौं/राष्ट्रिय जनमोर्चाले उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई तुरुन्त पदबाट हटाउन माग गरेको छ ।

अध्यक्ष चित्रबहादुर केसीले सोमबार एक विज्ञप्ति जारी गरी लामिछाने गृहमन्त्री रहिरहँदा उनीसमेत आरोपित सहकारी ठगीको मुद्दा प्रभावित हुन सक्ने भन्दै तुरुन्त हटाउन माग गरेका हुन् ।

सूर्यदर्शन सहकारीका बचतकर्ताले पैसा फिर्ता नपाएको भन्दै ठूलाठूला सहकारीका पदाधिकारीसँगै रवि लामिछानेविरुद्ध पनि जाहेरी दिएका छन् ।

'गृहमन्त्री लामिछाने मुछिएको मुद्दाको छानबिन तथा अनुसन्धान गर्ने मन्त्रालयको उनलाई मन्त्री बनाउँदा त्यो कार्यबाट मुद्दा प्रभावित हुने खतरा हुन्छ । त्यसबाट सहकारीका पीडित बचतकर्ताहरुलाई अन्याय हुन जानेछ', अध्यक्ष केसीले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

राजमोले रवि लामिछानेको राजीनामा दिनुपर्ने कांग्रेसको मागमा पनि समर्थन जनाएको छ । 'नेपाली कांग्रेसले सहकारीको रकम ठगीमा मुछिएका व्यक्तिलाई गृहमन्त्री बनाएकोमा त्यो कार्यको कडा विरोध गरेको छ । नेकाले गृहमन्त्रीको राजीनामाको लागि उठाएको मागलाई हाम्रो पार्टी राष्ट्रिय जनमोर्चाले समर्थन गर्दछ', केसीले भनेका छन् ।

उनले सहकारी ठगीको आरोपमा मुछिएका व्यक्तिलाई गृहमन्त्री बनाउँदा हजारौं सहकारीका बचतकर्ता माथि अन्याय भएको बताएका छन् ।

'रवि लामिछानेलाई गृहमन्त्रीको पदबाट हटाएर सहकारीका बचतकर्ताहरुको रकम फिर्ता गराउन तथा दोषीलाई कडा सजाय गर्नका लागि प्रभावकारी कदम उठाउन सरकारसँग माग गर्दछौं', अध्यक्ष केसीले भनेका छन् ।

(स्रोत:अनलाइनखबर)

# हरिपुरकी तत्कालीन उपमेयरसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौं/सर्लाहीको हरिपुर नगरपालिकाकी तत्कालीन उपमेयर रेणुकादेवी काफ्लेसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ ।

उनीहरूले सम्झौता अनुसार खोला नियन्त्रणका लागि तटबन्ध निर्माणको काम नगरी आर्थिक अनियमितता गरेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

तत्कालीन उपमेयर काफ्ले, सदस्य वेदकुमारी बलम्पाकी र लक्ष्मी कुमर तथा वडा नं १ का वडाध्यक्ष कुमार लामाले लखनदेवी खोला नियन्त्रण तथा स्पर निर्माणको कार्य सम्पन्न नहुँदै भएको भनी भुक्तानी दिन सिफारिस गरेका थिए ।

त्यस्तै हरिपुरका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत नइन्द्रकुमार पौडेल, इन्जिनियर रञ्जित साह र सब-इन्जिनियर सञ्जीव चौधरीविरुद्ध पनि अख्तियारले मुद्दा दायर गरेको छ । उनीहरुले तोकिएको भन्दा कम क्षेत्रफल र कमसल तटबन्ध बनाएर ८५ लाख १८ हजार रुपैयाँ अनियमितता गरेको अख्तियारले दावी गरेको छ ।

(स्रोत:अनलाइनखबर)

के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# जिल्ला खेलकुद समिति अध्यक्ष खड्गीको सु:खद् बिदाई

साझाकुरा संवाददाता



हेटौंडा, ५ चैत/जिल्ला खेलकुद विकास समिति मकवानपुर का अध्यक्ष वेष खड्गीको सु:खद् बिदाई भएको छ । सोमबार कार्यकाल सकिएपछि उनलाई फूलमाला, अबिर लगाएर बिदाई गरेसँगै सम्मान प्रदान गरिएको छ ।

जिल्ला खेलकुद अध्यक्ष भएपछि बन्दप्रशिक्षण कार्यक्रमलाई प्रभावकारी बनाएका उनले खेलकुदको क्षेत्रमा दीर्घकालीन प्रभाव राख्ने सहयोग र निर्णय गरेका छन् । उनी यसअघि जिल्ला खेलकुद कोषाध्यक्ष थिए । पूर्वबक्सिङ खेलाडी खड्गीलाई हेटौंडा उपमहानगरकी मेयर मीनाकुमारी लामा, उपमहानगरका प्रवक्ता सविन न्यौपाने, वडाध्यक्षहरु नवीन सिग्देल, जुना दाहाललगायतले बिदाई गरेका छन् ।

मेयर लामाले खेलकुदको पूर्वाधार निर्माणको क्षेत्रमा खड्गीले उल्लेखनीय भूमिका निर्वाह गरेको बताइन् । खड्गीको कामले आगामी नेतृत्वलाई पनि दिशानिर्देश गरेको मेयर लामाको भनाई थियो । समिति बाहिर रहेर भएपनि खेल क्षेत्रको विकासमा अनवरत लाग्न लामाले सुझाव दिएकी छन् । खड्गीको बिदाईमा हेटौंडाका पूर्वमेयर हरि बहादुर महत, समितिका पूर्वअध्यक्ष चन्द्र लामा, नगर खेलकुद विकास समितिका पूर्वअध्यक्ष चन्द्र शाही लगायतको उपस्थिति थियो ।

अध्यक्ष खड्गीले खेलकुद सम्वद्ध संघसंस्थाको साथ र सहयोगबाट आफू सफल भएको प्रतिक्रिया दिए । उनले अब आउने नेतृत्वले खेलाडीको अस्तित्व रहने गरी खेलकुदका गतिविधि अगाडि बढाउनुपर्ने बताए । खेलकुद तथा व्यापार महोत्सवबाट संकलन भएको २० लाख रुपैयाँबाट खड्गीले खेलकुदको विकासका लागि अक्षयकोष स्थापना गराएका छन् । उनले आफ्ना पिताको नाममा वार्षिक ५० हजार थप कोषमा थप गर्दै लैजाने प्रतिबद्धता जनाए । उनी ४ चैत २०७८ मा खेलकुद विकास समितिको अध्यक्षमा नियुक्त भएका थिए ।

# दुर्घटनामा च्यापिएका टिपर चालकको तीन घण्टापछि उद्धार




साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ हेटौंडातर्फ आउँदै गरेको अवस्थामा भीमफेदी गाउँपालिका-१, स्थित सडकबाट तल खसेर दुर्घटनामा परेको टिपरले च्यापिएका चालकको साढे तीन घण्टापछि सकुशल उद्दार गरिएको छ ।

सोमबार त्रिभुवन राजपथ अन्तर्गत खोप्लाङमा चुनढुंगा बोकेर आउँदै गरेको ना ८ ख ८९१० नम्बरको टिपर राप्ती खोलाको किनारमा खसेको थियो । च्यापिएको अवस्थामा रहेका चालक हेटौंडा उपमहानगर पालिका-१५ का ४३ वर्षीय वीर बहादुर वाइवाको साढे तीन घण्टापछि सकुशल उद्दार गरिएको मकवानपुर प्रहरीले जानकारी दिएको छ ।

नेपाली सेनाको हाइड्रा, सेनाको प्राविधिक टोली, २ वटा जेसिवीको सहायताले साढे तीन घण्टापछि चालक वाइवाको उद्दार गरिएको मकवानपुर प्रहरीले जनाएको हो । वाइवाको हात भाँचिएको र कम्मरभन्दा मुनि चोट रहेको जनाइएको छ । उनलाई उपचारका लागि हेटौंडा अस्पतालमा लगिएको छ ।

टिपर राजपथबाट अन्दाजी ३० मिटर तल खसेको थियो । भारवहन क्षमता भन्दा बढी चुनढुंगा बोक्ने गरेका टिपर दुर्घटनामा धेरै पर्ने गरेका छन् । ओभरलोड ढुंगा बोक्ने टिपरमाथि कारबाही हुन सकेको छैन । टिपरलाई निर्वाध ओभरलोड बोकेर चल्न दिँदा नागरिकको जिउधनमै असुरक्षा बढेको छ ।

# मनहरीमा मोटरेवल पुलको शिलान्यास

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ मकवानपुरको पश्चिमी क्षेत्र मनहरीमा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले २५६ मिटर लामो मोटरेवल पुल शिलान्यास गरेका छन् ।

मनहरी गाउँपालिका-९ र ५ जोड्ने रजैया-दरदरा मोटरेवल पुलको सोमबार शिलान्यास गरिएको हो । पुल निर्माणका लागि प्रदेश सकारले बजेट विनियोजन गरेपनि डीपीआर, निकुञ्ज क्षेत्रमा परेकोलगायतका समस्याका कारण काम अघि बढ्न सकेको थिएन । प्रदेश सरकार गठन भएलगत्तै निर्माणको योजना अघि बढाएर पनि लामो समयदेखि बन्न नसकेको यो पुल अब बन्ने निश्चित भएको हो ।

मुख्यमन्त्री जम्कट्टेलले प्रदेश सरकारले विकास निर्माणका कामलाई उत्पादनसँग जोड्ने रणनीति अनुसार काम गरिरहेको बताए । विकास निर्माणका कामलाई उत्पादनमुखी ढंगबाट अघि बढाएर आर्थिक समृद्धिमा अग्रसर हुने सरकारको लक्ष्य रहको उनले सुनाए । कृषि, पर्यटन तथा उद्यमशीलतामा भूमिका खेल्ने गरी विकास निर्माणका काम अघि बढाउने प्रदेश सरकारको योजना रहेको उनको दाबी छ ।



प्रदेश सरकारका तर्फबाट पुल निर्माणका लागि बजेट सुनिश्चितता भएको गाँउपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिए । नागरिकको गुनासो र दवाव तथा सरोकारवालाको पहलका बीच प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ बजेटमा पुल निर्माणका लागि बजेट विनियोजन गरिएको उनले बताए । पूर्वाधार विकास कार्यालय चितवनमार्फत् कार्यान्वयन गरिएको यो पुल निर्माण योजनाका लागि २४ करोड ७ लाख ९१ हजार रुपैयाँमा ठेक्का सम्झौता भएको छ ।

बिटी/आरएस जेभी निर्माण कम्पनीले ३ वर्ष भित्र पुल निर्माण सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेको पूर्वाधार विकास कार्यालय चित्तवनका प्रमुख वीरेन्द्र चौधरीले जनाएका छन् । शिलान्यास कार्यक्रममा बागमतीका भौतिक पूर्वाधार विकासमन्त्री युवराज दुलाल, सामाजिक विकासमन्त्री कुमारी मोक्तान, पूर्वस्वास्थ्य मन्त्री विरोध खतिवडा, प्रदेश सासंद एकालाल श्रेष्ठ, संविधानसभा सदस्य राजाराम स्याङ्तान, मनहरी गाउँपालिका उपाध्यक्ष सीता पुलामीमगर, गाउँपालिका निवर्तमान अध्यक्ष एकराज उप्रेती, पुल सरोकार समितिका अध्यक्ष रामप्रसाद कालाखेतीलगायतको आतिथ्यता थियो ।

# डिजेल किन्ने बजेटसमेत छैन सरकारी डेटा सेन्टरसँग

काठमाडौं, ४ चैत/ राष्ट्रिय सूचना प्रविधि केन्द्र (एनआईटीसी)लाई आफ्नो पूर्ण निगरानीमा सञ्चालन गर्ने वातावरण बनाउन कस्सिएको सरकारले केन्द्रको डेटा सेन्टरहरुलाई बजेटविहीन बनाएर छाडेको छ । संवेदनशील सर्भर प्रणाली चलाइरहेको र व्यवस्थापन गरिरहेको राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई सरकारले शून्य बजेटको अवस्थामा राखेको हो ।

मंसिरसम्म चालु अर्थात् कार्यालय सञ्चालनका लागि साधारण बजेट खुला गरेको अर्थ मन्त्रालयले मंसिरपछि चालु बजेट पनि रोकेको छ । यसले गर्दा केन्द्रले यो वर्ष एक रुपैयाँ पनि पूँजीगत बजेट खर्च गर्न पाएको छैन । कर्मचारीलाई मंसिर पछि तलब समेत खुवाइएको छैन ।

अर्थ मन्त्रालयले सुधारका लागि व्यवस्थापनमा हात हाल्न खोज्दा नियमित तर अत्यावश्यक पुँजीगत बजेट नदिंदा सरकारी डेटा सेन्टर जोखिममा छ । गत माघमा नै केन्द्रको संगठन पुनर्संचना भए पनि अहिलेसम्म सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नयाँ दर बन्दीअनुसार केन्द्रको व्यवस्थापन गर्न पनि सकेको छैन । यसले गर्दा सर कारी तथ्यांक राख्ने केन्द्रसहित ब्याकअपका रुपमा राखिएको हेटौंडास्थित डिजास्टर रिकभरी सेन्टर समेत समस्यामा छ ।

केन्द्रका कार्यकारी निर्देशक प्रदीप पौडेल मंसिरपछि चालु बजेट पनि प्राप्त नभएको बताउँछन् । 'चल्न त चलेकै छ, तर प्रविधिसहित त्यसलाई अद्यावधिक गर्ने तथा थप सुरक्षा प्रबन्ध मिलाउने कामका लागि बजेट छैन,' उनले भने, 'यस्तो पक्षमा काम गर्न नसक्दा प्रविधिमाथि जोखिम त बढ्छ नै ।'

अर्थ मन्त्रालयले बजेट नदिएपछि सफ्टवेयर र सुरक्षा प्रणालीको लाइसेन्स नवीकरण लगायतमा पनि समस्या पर्नसक्ने देखिएको सञ्चार मन्त्रालयका अधिकारीहरु बताउँछन् । यस्तो संक्रमणकालमा साइबर आक्रमणको जोखिम पनि उच्च हुन्छ । केही हप्ताअघि केन्द्रमा साइबर आक्रमण हुँदा विभिन्न सरकारी वेबसाइटहरु घण्टौं डाउन भएका थिए ।

सरकारले केन्द्रको व्यवस्थापनमा हात हाल्नु सकारात्मक भए पनि अहिलेको अवस्थालाई सुधार गर्नेतर्फ नसोच्नु र आक्रमणको सम्भावनालाई ध्यान दिएर बजेट व्यवस्थापन नगर्नु लापरवाही भएको केन्द्रका प्राविधिक अधिकारीहरु बताउँछन् ।

सरकारी निकायको ३ हजारभन्दा बढी डीएनएस सर्भरदेखि महत्वपूर्ण करिब १७ सय वटा सर कारी वेबसाइटको होस्टिङ यहींबाट हुन्छ । सिंहदरबारभित्रको इन्टरनेट, सरकारी ईमेल, कोलोकेसन, भर्चुअलाइजेसन तथा क्लाउड सेवा समेत यहींबाट दिइन्छ । वडा र पालिका कार्यालयका सेवादेखि सर कारका अध्यागमन लगायतका महत्वपूर्ण प्रणालीको सर्भर सञ्चालन र व्यवस्थापन गर्ने निकायलाई सरकारले लामो समय संक्रमणकालमै छाडेको अधिकारीहरुको गुनासो छ ।

'वर्षभरि नै एन्टिभाइरस र फायरवाल प्रणालीसहित विभिन्न साइबर सुरक्षा प्रबन्ध गर्न समेत बजेट नदिनु ठीक हुँदैन,' सञ्चार मन्त्रालयका एक अधिकारीले भने, 'बजेटमा केन्द्र खारेजीको घोषणा भएपछि नै बजेट शून्य गरियो, मंसिर सम्म ओएन्डएम टुंग्याउन भनेकाले हामीले हतार-हतार टुंग्यायौं, तर अझै अर्थले बजेट दिन बेवास्ता गरिरहेको छ ।' ३ महिनादेखि तलबसमेत रोकिंदा कर्मचारीमा नैराश्यता देखिएको ती अधिकारीले बताए । संवेदनशील प्रणाली चलाउने कर्मचारीलाई निरुत्साहित गर्दा त्यसले प्रणालीमै जोखिम बढ्न सक्ने मन्त्रालयको बुझाइ छ ।

केन्द्रका कार्यकारी निर्देशक पौडेल ओएन्डएमपछि केन्द्र कसरी चल्छ भन्ने विषयमा अहिलेसम्म कुनै आधिकारिक रुपमा जानकारी नआएको बताउँछन् । 'मंसिरसम्मको चालु बजेटको भरमा अहिलेसम्म केन्द्र चलिरहेको छ,' उनले भने, 'मन्त्रालयमा नयाँ ओएन्डएम कार्यान्वयनबारे छलफल त चलिरहेको छ, तर टुंगो लागेको छैन ।'

उनले डेटा सेक्युरिटीको विषय सम्वेदनशील भएको र बजेट रोकिंदा अप्ठेरो परिरहेको दोहोर्‍याए । 'हामी कुनै अप्रिय कुरा नहोस् भनेर प्रयास गरिरेहका छौं,' उनले भने, 'अहिलेको केन्द्रको अवस्था भनेको चाहिएजति हैन, पाइएजति इन्धन भरेर विमान उडाएजस्तै हो, बीचमा इन्धन सकिदैंन वा अन्य आकस्मिक समस्या पर्दैन भन्न सकिन्न ।'

उनले प्रणाली अद्यावधिक गर्ने, सुरक्षा उपकरण र संयन्त्र थप्न, नयाँ सर्भर राख्न, नेटवर्क बलियो बनाउनेदेखि जेनेरेटर चलाउन इन्धन किन्नसम्मका काम बजेट अभावले समस्या परेको बताए । 'अहिलेसम्म सबै दबाब र समस्या थेगिरहेका छौं,' उनले भने, 'जोखिम हेरेर सरकारले कदम चालिदिए सरकारी डेटा सुरक्षा र सेवा प्रवाह चुस्त हुन्थ्यो ।' अर्थ मन्त्रालयले भने चालु आर्थिक वर्षको बजेटबाटै एनआईटीसी खारेजीको घोषणा भएकाले बजेट शून्य काम गरिएको बताएको छ ।*(स्रोत: अनलाइनखबर)*

# नवोदयमा शैक्षिक गुणस्तर वृद्धिबारे अन्तरक्रिया



साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/हेटौंडा-४ स्थित नवोदय शिशुसदन विद्यालयले वडास्थित टोल विकास संस्थाका अध्यक्ष तथा प्रतिनिधिसँग सोमबार अन्तरक्रिया गरेको छ ।

विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि अन्तरक्रिया गरी सहभागीबाट रचनात्मक सुझाव संकलन गरिएको विद्यालयका माध्यमिक तह संयोजक सिएम रिमालले जानकारी दिए । छलफलका क्रममा, सहभागीले विद्यालयको अथक मिहेनतका कारण बालबालिकाको सर्वाङ्गिण विकासमा ठूलो सहयोग पुगेको बताए । नवोदयले समाजका प्रतिनिधिलाई विद्यालयमा बोलाएर सल्लाह एवम् समन्वय गर्दै अघि बढ्नु एउटा नयाँ प्रयास भएको भन्दै उनीहरुले विद्यालयलाई अझै उत्कृष्ट बनाउन सुझाव दिए ।

नवोदयको शैक्षिक गुणस्तर अब्बल भएकाले बालबालिकालाई नवोदयमै पढाउने चाहाना भएका केही अभिभावक आर्थिक अवस्थाका कारण समस्यामा पर्ने गरेको भन्दै सहभागीले स्थानीय टोल विकास संस्थाको सिफारिसमा बालबालिकालाई छात्रवृत्ति प्रदान गर्न जोड दिए । अन्तरक्रिया पश्चात् प्रतिक्रिया दिँदै माध्यमिक तह संयोजक रिमालले सहभागीको सुझावलाई विद्यालयले गहन ढंगबाट कार्यान्वयनमा लैजाने बताए ।

सहभागीले विद्यालयको पुस्तकालय, कक्षाकोठा, विज्ञान प्रयोगशाला, खेलमैदान, भोजनालय लगायत विभिन्न क्षेत्रको अवलोकन समेत गरेका छन् । नवोदयले यसअघि पनि विद्यालयको शैक्षिक गुणस्तर वृद्धि तथा बालबालिकाको सर्वाङ्गिण विकासका लागि विभिन्न रचनात्मक प्रयास गर्दै आएको छ ।

# पालुङगढी निर्माणमा विद्यार्थीको श्रमदान

साझाकुरा संवाददाता

हेटौंडा, ५ चैत/ मकवानपुरको प्रमुख ३ गढीमध्ये थाहा नगरपालिका-२ मा रहेको ऐतिहासिक पालुङगढीलाई पर्यटकीय गन्तव्य बनाउनको लागि अहिले वडा सरकार र स्थानीयको संयुक्त पहलमा गढीसम्म जाने पैदलमार्ग तथा पिकनिकस्थलको काम धमाधम भइरहेको छ ।

यसैबीच थाहा नगर पालिका-४ मा रहेको संस्थागत विद्यालय हिमालयन बोर्डिङ स्कुलका विद्यार्थीद्वारा एक दिनको श्रमदान गरिएको छ । ५ चैतमा हिमालयनमा कक्षा ९ मा अध्यनरत ३६ जना विद्यार्थीले श्रमदान गरेका हुन् ।



शिक्षकद्वय संगम कार्की र सुश्मा अधिकारीको नेतृत्वमा १८ जना छात्र र १८ जना छात्राले सामूहिक श्रमदान गरेको समितिका अध्यक्ष अजय कार्कीले जानकारी दिए ।

पालुङगढी संरक्षण समिति गठन गरेर निर्माणको कार्य गरिरहेको यस ऐतिहासिक पालुङगढीलाई पालुङ जेसीजले चिनाउन पहल गरेको थियो । पुरातत्व बिभागले समेत प्रमाणित गरिसकेको पालुङगढीको विकासको लागि हाल तीव्रगतिमा काम भइरहेको समितिका अध्यक्ष कार्कीले बताए ।


## सडक डिभिजन कार्यालय हेटौंडाको

## धरौटी रकम सदर स्याहा सम्बन्धी १५ दने सूचना

*प्रथम पटक प्रकाशित मिति:- २०८०/१२/०६*

श्री सम्बन्धित सबै फर्म तथा पार्टी

उपरोक्त विषयमा यस कार्यालयमा मिति २०७७।१२। २७ देखि पहिलेका विभिन्न निर्माण तथा मर्मत कार्यका लागि राखिएको धरौटी रकम काम तमाम भैसकेर पनि आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६ को उपनियम २ बमोजिम हाल सम्म फिर्ता लिन नआएकोले उक्त प्रयोजन विहिन धरौटी रकम सोही नियमावलीको नियम ६८ बमोजिम सदर स्याहा गरि राजश्व खातामा आम्दानी बाध्नु परेको हुँदा धरौटी रकम फिर्ता पाउनु पर्ने कुनै आधार र प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनको कार्यालय समय भित्र यस कार्यालयमा आधार प्रमाण संलग्न राखी निवेदन दर्ता गर्नुहुन सुचित गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारी कार्यालयको वेभसाइट https://www.dor.gov.np/hetauda तथा कार्यालयको सूचना पाटीमा समेत प्रकाशित गरिएको छ ।



## उपभोक्ताप्रति सचेत बनौं

- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर विक्रि वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलिमतोमा महंगो मूल्य निर्धारण गर्न

पाइदैन/हुँदैन।

यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खवर गरौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## हेटौंडामै उत्पादित

## सुदिन ड्राइमिट





**Ready To Eat**

**हाम्रा विशेषताहरू:**

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

## सुदिन प्याकेजिङ्ग उद्योग

हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३